# 'सडक र प्रतिभा' कथासङ्ग्रहमा विसङ्गतिवादी चिन्तन

**ज्ञानु अधिकारी, उपप्राध्यापक,त्रिवि, पद्मकन्या बहुमुखी क्याम्पस**
Email: shabdaga@gmail.com

**लेखसार**

प्रस्तुत अनुसन्धानात्मक लेखमा पारिजातको 'सडक र प्रतिभा' कथासङ्ग्रहका कथालाई पाठका रूपमा लिई त्यसमा प्रयुक्त विसङ्गतिवादी सिद्धान्तका विभिन्न आयामहरूको विश्लेषण र मूल्याङ्कन गरेर उक्त कथाको विसङ्गति चिन्तनगत वैचारिकताको निरूपण गरिएको छ । 'सडक र प्रतिभा' कृतिका केही कथामा बेरोजगारी, जँड्याहा, शोषित, कुण्ठित, वेश्या, लाचार र विवश पात्रहरूको प्रयोग र विसङ्गतिको चरम रूपको चित्रण गर्दै हत्या, आत्महत्या, लाचारी, गरिबी, मृत्यु, बलात्कार आदि विसङ्गत पक्षहरू प्रस्तुत गरिएकाले यसमा प्रयुक्त विसङ्गतिवादी चिन्तनको विश्लेषण गरी निष्कर्ष निकाल्नु यस लेखको उद्देश्य हो । यसका लागि पुस्तकालयबाट सामग्रीसङ्कलन गरिएको छ भने विसङ्गतिवादका आधारभूत मान्यतालाई सैद्धान्तिक ढाँचाका रूपमा अवलम्बन गरेर कथामा सोद्देश्यमूलक नमुना छनोट पद्धतिबाट पाठगत तथ्याङ्क सङ्कलन गरी सघन विश्लेषण गरिएको छ । त्यसका निम्ति विसङ्गतिवादी सिद्धान्तका केन्द्रीयतामा रही कथामा प्रयुक्त मृत्युचिन्तन, जीवनको निरर्थकता र कुण्ठाका सन्दर्भलाई सैद्धान्तिक ढाँचाका रूपमा उपयोग गरी यो शोधकार्य सम्पन्न गरिएको छ । यस कथासङ्ग्रहका कथामा विसङ्गतिबोधी चिन्तन प्रस्तुत भएको सन्दर्भको खोजी गरी तिनको पहिचान तथा विश्लेषण गरिएकाले प्रस्तुत लेख गुणात्मक प्रकृतिको बन्न पुगेको छ । 'सडक र प्रतिभा' कथामा प्रयुक्त पात्रहरूको जीवनशैली तथा उनीहरूका अभिव्यक्ति र अवस्थाको सूक्ष्म अध्ययन गरी तिनमा सबैभन्दा बढी मृत्युचिन्तन, जीवनको निरर्थकता र कुण्ठाको अभिव्यक्ति पाइनेहुनाले विसङ्गतिवादका यिनै सूचकहरूलाई आधार मानेर यहाँ कथाको विश्लेषण गरिएको छ र जीवनमा नचाहेर पनि मृत्यु अनिवार्य छ भन्ने मूल निष्कर्ष निकालिएको छ ।

*शब्दकुञ्जी* : निरर्थकता, निस्सारता, मानसिक द्वन्द्व, मृत्युचिन्तन, विसङ्गतिबोध

Article's information : Manuscript received : 2025/o6/01, Date of review : 2025/09/01, Date of manuscript acceptance 2025/12/10 Publisher : Department of Nepali, Mahandra Moranga Adrsh Multiple Campus, Biratnagar
DOI : https://doi.org/10.3126/vaikharivani.v3i1.87433
Homepage : https://www.nepjol.info/index.php/vaikharivani/index Copy right (c) 2026 @ Vaikharivani
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

प्रस्तुत अनुसन्धानात्मक आलेखको मुख्य क्षेत्र परिजातको सडक र प्रतिभा कथासङ्ग्रहमा समाविष्ट कथा हुन् भने यसको विषय विसङ्गतिवादका मृत्युचिन्तन, जीवनको निरर्थकता र कुण्ठाजस्ता मान्यता हुन् । पारिजात (१९९०–२०५०) सुरुमा विसङ्गतिवादी धार वा प्रवृत्ति र पछि प्रगतिवादी धार र प्रवृत्तिमा रहेर लेख्ने आख्यानकार हुन् । उनको सडक र प्रतिभा (२०३२) कथासङ्ग्रहका कथामा प्रयुक्त विसङ्गतिवादी चिन्तनका विभिन्न पक्षहरूको विश्लेषण र मूल्याङ्कन नै यस शोधको समस्या हो भने यस समस्याको समाधान गर्नु यस अध्ययनको उद्देश्य रहेको छ । विसङ्गतिवाद भनेको जीवनलाई निस्सारता र निरर्थकताका दृष्टिले हेर्ने चिन्तन हो । जीवनमा कुनै अन्तिम सत्य हुँदैन, जीवन निरर्थक छ र यही निरर्थकतालाई स्वीकार गरेर बाँच्नु नै जीवन हो भन्ने मान्यता विसङ्गतिवादीहरूको रहेको छ । दोस्रो विश्वयुद्धपछि विश्वसाहित्यमा देखापरेको विसङ्गतिबोधी चिन्तनलाई साहित्यसिद्धान्तका रूपमा विसङ्गतिवाद भनिन्छ । विसङ्गतिवाद एउटा चिन्तन वा अवधारणा हो र यो दर्शन पनि हो । अस्तित्ववादसँगै विसङ्गतिवादको अवधारणा जोडिएर आएको पाइन्छ । बिसौँ शताब्दीका प्रसिद्ध फ्रान्सेली साहित्यकार अल्बर्ट कामु

(सन् १९१३–१९६०) ले आफ्नो निबन्धसङ्ग्रह 'द मिथ अफ सिसिफस' (१९४२) मा विसङ्गतिवादको विस्तृत व्याख्या गरेका छन् । यस कृतिमा नै विसङ्गतिवादबारे सबैभन्दा पहिलो सैद्धान्तिक व्याख्या भएकाले कामुलाई विसङ्गतिवादका मुख्य प्रवर्तक पनि मानिन्छ । अल्बर्ट कामुले विसङ्गतिवादलाई मुख्यतः मृत्युचिन्तन र जीवनको निरर्थकतासँग जोडेर व्याख्या गरेका छन् । यसरी विसङ्गतिवादले साहित्यिक कृतिमा प्रयुक्त पात्रको अभिव्यक्ति र गतिविधिका माध्यमबाट प्रकट गरेको मृत्यु, आत्महत्या, निराशा, कुण्ठा, निस्सारता र निरर्थकताजस्ता चिन्तनको अध्ययन गर्दछ । पारिजात अस्तित्ववादी, विसङ्गतिवादी र प्रगतिवादी कथाकार हुन् । साहित्यका विभिन्न विधामा पृथक् पहिचान र प्रवृत्ति बनाएकी पारिजातका कथाविधामा विशेष योगदान रहेको छ । उनका *आदिम देश* (२०२५), *सडक र प्रतिभा* (२०३२), *साल्गीको बलात्कृत आँसु* (२०४३) र *बधशाला जाँदा आउँदा* (२०४९) गरी चारओटा कथासङ्ग्रह प्रकाशित छन् । पच्चीस वर्षको अवधिमा लेखिएका पारिजातका यी चारओटा कथासङ्ग्रहका कथामा प्रयुक्त विचार, चिन्तन र प्रवृत्तिमा एकरूपता पाइँदैन । उनको सुरुका दुई कथासङ्ग्रहका प्रायः सबैजसो कथामा अस्तित्ववादी–विसङ्गतिवादी चिन्तनको प्रभाव रहेको पाइन्छ भने पछिल्ला दुई सङ्ग्रहका कथामा मूलतः प्रगतिवाद र अंशतः अस्तित्ववादी चिन्तनको प्रभाव देखिन्छ । पारिजातका चार कथासङ्ग्रहमध्ये सडक र प्रतिभा .शीर्षकको दोस्रो सङ्ग्रहका कथामा पाइने विसङ्गतिवादी चिन्तनलाई विश्लेषण गर्नु यस लेखको उद्देश्य हो । यस सङ्ग्रहका कथालाई अस्तित्ववादबाट प्रगतिवादतर्फ अभिमुख हुँदैगर्दाको सङ्क्रमणकालीन कथाका रूपमा लिन सकिए पनि समग्रमा प्रस्तुत सङ्ग्रहका कथाको मूलस्वर नै विसङ्गतिबोधको अभिव्यक्ति रहेको छ । सङ्ग्रहका अन्तिम दुईवटा कथामा बाहेक अन्य सबै कथामा आत्महत्या, हत्या, मृत्युबोध, निराशा, विवश र लाचार दिनचर्या आदिका प्रसङ्गहरू आएका छन् । विसङ्गतिवादी चिन्तन नेपाली समालोचनामा प्रयोग हुँदैआएको साहित्यिक मान्यता हो । यस अध्ययनमा विसङ्गतिबोधका सन्दर्भमा यसका व्याख्याता कामुले प्रस्तुत गरेको विसङ्गतिको उत्पत्ति दुई वस्तुको तुलना वा निकटताबाट हुन्छ भन्ने अवधारणालाई आधार बनाई पारिजातको सडक र प्रतिभा कथासङ्ग्रहको विश्लेषण गरिएको छ । यसक्रममा विसङ्गतिबोधका विभिन्न मान्यताका आधारमा कथामा प्रयुक्त पात्रको अवस्था र उसले अनुभूति गर्न पुगेको विसङ्गतिबोधलाई पाठमा आधारित विषयविश्लेषण विधिको प्रयोग गरी अध्ययन गरिएको छ ।

## अध्ययनविधि

प्रस्तुत अनुसन्धान लेख तयार पार्नका लागि पुस्तकालय कार्यबाट पारिजातको सडक र प्रतिभा कथासङ्ग्रहका 'सडक र प्रतिभा,' 'विरुद्ध', 'देवल', 'निस्सारतादेखि...', 'रात', 'यस ठाउँमा' गरी छवटा कथामा प्रयुक्त विसङ्गत पक्षसँग सम्बन्धित पात्र, परिवेश, घटना, चिन्तन र अभिव्यक्तिका तथ्य र तथ्याङ्कलाई प्राथमिक समाग्रीका रूपमा सङ्कलन गरिएको छ । तथ्याङ्कको सङ्कलन गर्दा यसमा सोद्देश्यमूलक नमुना छनोट पद्धति अवलम्बन गरिएकाले यी कथामा विसङ्गतिवादी मान्यता सबैभन्दा सघन रूपमा देखिएकाले विश्लृषणका लागि चयन गरिएको हो । यसरी सङ्कलित सामग्रीहरूबाट प्राप्त तथ्याङ्कको विश्लेषण र मूल्याङ्कन गरी निष्कर्षसम्म पुग्नका लागि विभिन्न सैद्धान्तिक र प्रायोगिक समालोचनाका पुस्तकहरूबाट द्वितीयक सामग्रीहरूको सङ्कलनसमेत गरिएको छ । यी दुवै प्रकारका सामग्रीहरूको समुचित प्रयोग गरी सडक र प्रतिभा कथासङ्ग्रहका कथाहरूमा अन्तर्निहित विसङ्गतिवादी चिन्तनको उद्घाटन गर्न विश्लेषणका सैद्धान्तिक ढाँचा तयार पारिएको छ र निगमन विधिबाट सामग्रीको व्यवस्थापन गर्दै त्यसको विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक आधार

विसङ्गतिवाद बिसौँ शताब्दीको मध्यतिरबाट पाश्चात्य साहित्यमा प्रयोग हुन थालेको हो । विसङ्गतिवाद एउटा दर्शन पनि हो र यसलाई नित्से, सार्त्र, हाइडेगरजस्ता विद्वान्हरूले धार्मिक तथा साहित्यिक सिद्धान्तका रूपमा व्याख्या गरेका छन् । विसङ्गतिवादलाई खास गरी प्रसिद्ध फ्रान्सेली विद्वान् अल्बर्ट कामुले स्पष्ट रूपमा बताएका छन् । उनले विसङ्गतिको प्रमुख आधार द्वन्द्वलाई मानेका छन् र जीवनको अर्थहीनताबाट उत्पन्न निस्सारता र

आत्महत्याको अवस्थाबाट गुज्रेर आएका भोगाइ र अनुभूतिको समष्टि नै विसङ्गतिबोध हो र विसङ्गतिको उत्पत्ति दुई वस्तुको तुलना र निकटताबाट हुन्छ भन्ने धारणा राखेका छन् (कामु, सन् १९५१, पृ. ९) । त्यसपछि पाश्चात्य साहित्यका विभिन्न विद्वान्हरूले यससम्बन्धी आआफ्ना धारणासहित यसको व्याख्या विवेचना गरेका छन् । जीवनबाट मुक्तिको खोजीलाई पनि विसङ्गतिप्रतिको आत्मसमर्पणका  रूपमा लिइन्छ । हत्या, मृत्यु, निरर्थकता मान्छेका लागि अहम् समस्या हुन् र यी समस्याहरूले जीवनको मूल्य बढाइदिनेहुनाले यी समस्याहरू प्रत्येक मान्छेलाई आफ्नो जीवन अझ बढी गहिराइका साथ बाँच्न अभिप्रेरित गर्छन् (कामु, सन् १९५१, पृ. १०) । मान्छेले गरेको भौतिक विकाससँगै जब मान्छे नै स्वयम् यान्त्रिक र शून्य बन्दै गएपछि यो चिन्तन पछिल्लो समय अझ व्यापक बन्दैगएको हो ।

निराशालाई मूल आधार मान्ने विसङ्गतिवादी चिन्तन पाश्चात्य साहित्यमा दोस्रो विश्वयुद्धपछि र र नेपाली साहित्यमा आधुनिक नेपाली कथालेखनमा नवचेतनावादी वा प्रयोगवादी धाराको सुरुवात भएपछि  प्रारम्भ भएको हो । मानिसभित्र उत्पन्न निराशा र कुण्ठाकै आधारभूमिमा विसङ्गतिबोधको सृजना हुन्छ (कामु, सन् १९५१, पृ. ११) । जीवन र जगत्मा देखिएका विसङ्गत यथार्थलाई नै विसङ्गतिवादी साहित्यले प्रस्तुत गर्दछ ।  यसक्रममा विलियम आई ओलिभरले यसबारे गरेको व्याख्या महत्त्वपूर्ण देखिन्छ । उनले आफ्नो एउटा लेखमा विसङ्गतिबोधबारे सारभूत कुरा व्यक्त गरेका छन् । उनका अनुसार मान्छे आफ्नो चाहनाविना नै जन्मन्छ र चाहनाविना नै मर्छ । यसले गर्दा उसको जीवन आफैँमा विसङ्गत देखिन्छ । मान्छे जहिले पनि भोलिको कुराबाट अज्ञात हुन्छ । विसङ्गतिवादी चिन्तनका सन्दर्भमा विलियम आई ओलिभरको विसङ्गतिसम्बन्धी टिप्पणी बढी उपयोगी देखिन्छ । उनका अनुसार हामीले जन्मन नचाही जन्मन्छौँ र मर्न नखोजी मर्दछौँ, हामी शरीर र विवेकअन्तर्गत जन्म र मृत्युका बिचमा छौँ, त्यसैले हाम्रो अस्तित्व विसङ्गत छ । जुन समयमा हामी थिएनौँ वा जुन समयमा हामी नहौँला त्यो समय हामी जान्न सक्दैनौँ । रहितता असीमितताको मान्यताजस्तै छ ।.... आत्महत्या गऱ्यौँ भने पनि हाम्रो मूर्त जीवनलाई नै बलिदान गर्ने झन् विसङ्गत स्थितिमा हामी पुग्छौँ (त्रिपाठी, २०४९, पृ. १०६) । यसबाट जीवनको विसङ्गतिबोधी चिन्तन नै विसङ्गतिवाद हो भन्ने स्पष्ट हुन्छ । अस्तित्ववादमा जीवनमुखी चेतना र विसङ्गतिवादमा मृत्युमुखी चेतना प्रबल रहेको हुन्छ । हाइडेगरले विसङ्गतिबोधलाई बढी मृत्युसँग जोडेका छन् । उनले हरेक किसिमका सन्त्रासहरूमा मान्छेले जहिले पनि मृत्युकै बारेमा सोच्न पुग्छ र ऊ आफ्नो चारैतिर शून्य देख्छ (हाइडेगर, सन् १९४९, पृ. ३७०) भन्ने धारणा प्रस्तुत गरेका छन् । यसरी विसङ्गतिवादका आधारभूत मान्यताका रूपमा मृत्युचिन्तन, निरर्थकता र कुण्ठाको अभिव्यक्तिलाई विश्लेषणका मुख्य सूचकका रूपमा लिई यस लेखमा पारिजातको सडक र प्रतिभा कथासङ्ग्रहका कथामा प्रयुक्त विसङ्गतिवादको अध्ययन र विश्लेषण गरिएको छ ।

## विमर्श र परिणाम

मृत्युबोधी चेतना नै विसङ्गतिबोधको प्रारम्भबिन्दु हो । खास गरी विश्वसाहित्यमा दोस्रो विश्वयुद्धपछि विसङ्गतिवादी चिन्तन विकसित भएको हो । मान्छेले सारहीन, विसङ्त र अर्थहीन जीवन बाँच्दैछु भन्ने महसुस गरे पनि अनिच्छापूर्वक जीवन घिसारेर हिंड्न बाध्य छ र साहित्यकारले यसै मर्मलाई आत्मसात् गरेर विसङ्गतिपूर्ण विषयवस्तु, भाषा तथा शैलीमा अभिव्यक्त गरी कृतिको सृजना गर्दछ (शर्मा र लुइटेल, २०६३, पृ.३४९) भन्ने अल्वेयर कामुको चिन्तनसँग पारिजातका कथामा आएका वैचारिक पक्षको मेल खाएको देखिन्छ । विसङ्गतिबोधबाट नै अस्तित्वको खोजी हुनेगर्दछ । त्यसैले अस्तित्ववादी चिन्तनमा विसङ्गतिबोधको उपस्थिति कहीँ न कहीँ रहेकै हुन्छ । पारिजातको यस कथासङ्ग्रहका कथामा पनि यिनै विसङ्गतिहरूका बीचमा अस्तित्वको खोजीसमेत गरिएको छ ।

प्रस्तुत कथासङ्ग्रहका पात्रहरू विकृत मनोदशाको सिकार भएका छन् र त्यस कुरालाई देखाउन यहाँ परिवेशका नकारात्मकताको चित्रण गरिएको छ । यस अर्थमा हेर्दा प्रस्तुत कृतिमा समावेश भएका कथाहरूमै

पारिजातको चरम विसङ्गतिबोधको अभिव्यक्ति प्रकट भएको देखिन्छ । यसप्रकारको विसङ्गतिबोधलाई यथास्थितिप्रतिको विद्रोहकै क्रममा यथार्थवादको विन्दुबाट जन्मेको राल्फावाद, गलत बुझाइ, गलत ग्रहणशीलता र गलत प्रयोगशीलताका कारणले अराजक र चिन्तनहीन चिन्तन, दृष्टिकोणहीन विचारश्रृङ्खला बन्न पुगेको र यसै अराजक चिन्तनका पाटामा जन्मेको कथादृष्टि यस सङ्ग्रहका कथामा समेटिएका देखिन्छन् (सुवेदी, २०५२, पृ. ६१) । प्रस्तुत कथासङ्ग्रहका कथामा प्रयुक्त विषय, पात्र र परिवेशलाई हेर्दा उनको यी कथाकालीन दिनहरू नै विसङ्गत बन्न पुगेको देखिन्छ । त्यति बेला उनले आफू वरिपरिको समाज र आफूले देखेका मानिस सबैलाई विसङ्गत देखेको पाइन्छ । यस सन्दर्भमा आफ्नै केही भौतिकता र मानसिक जटिलताका कारण घोर निराशा, निरर्थकता र विसङ्गतिबोध हो भन्ने स्वीकारोक्ति (चापागाई, emulyankan. com) बाट पनि उनका यी कथाको प्रवृत्ति स्पष्ट हुन्छ । विसङ्गतिवादको सैद्धान्तिक ढाँचा आधारमा कथामा प्रयुक्त पात्रले दिएको मृत्युसम्बद्ध अभिव्यक्ति, जीवनका सम्बन्धमा व्यक्त गरेको निरर्थकता र कुण्ठाको अभिव्यक्तिको पाठगत विमर्शका साथै प्रस्तुत कथासङ्ग्रहका कथाहरूमा पाइने विसङ्गतिवादी चिन्तनलाई विसङ्गतिवादका सूचकहरूका आधारमा सोहीअनुरूप विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

## मृत्युचिन्तनमा केन्द्रित विसङ्गति

*सडक र प्रतिभा* कथासङ्ग्रहमा रहेको पहिलो शीर्षकथा 'सडक र प्रतिभा' सबैभन्दा बढी विसङ्गतिवादी चिन्तन अभिव्यक्त भएको कथा हो । यस कथाको प्रमुख पात्रका रूपमा रहेकी 'म' पात्रले जीवनलाई अर्थहीन र निस्सार मात्र देखेको कुरा यहाँ प्रस्तुत गरिएको छ । मान्छेले बाँच्नुका नाममा तमाम विसङ्गतिहरूलाई झेल्न बाध्य हुनुपर्ने कुराले 'म' पात्रलाई जीवनप्रति नै वितृष्णा पैदा भएका सन्दर्भहरू यहाँ कथामा आएका छन् । बेरोजगारी, अभाव र समस्याहरूसँग जुधेर लाचार जिन्दगी बाँच्नुपर्दा यस कथाकी पात्रलाई बाँच्नुमै विसङ्गतिबोध भएको छ र उसमा जीवनप्रति नै नकारात्मक भाव पैदा भएको छ । यस कथामा प्रयुक्त पात्रमा जीवनबोधी चिन्तनभन्दा मृत्युबोधी चिन्तन बढी रहेको र उसले जीवनको विकल्पमा मृत्युलाई रोजेको कुराले 'म' पात्रको मृत्युचिन्तनलाई प्रस्तुत गरेको देखिन्छ र यस कुरालाई कथाका यी भनाइले पुष्टि गरेको देखिन्छ :

> म जीवनलाई कहिल्यै पनि यसको पूर्वघोषित लयमा बद्ध गराउन सक्दिनँ । कति ठाउँमा भीषण नकारात्मकता देखाएर मैले ढाड फर्काइदिएकी छु जीवनलाई र चाहेको छु कोही जागरुक आएर पछिबाट मलाई गुलेली हानिदेओस् वा छुरी धसिदेओस् । यो शरीरको एउटा वीभत्स अन्त्य आह ! (पारिजात, २०३२, पृ. २)

प्रस्तुत कथांशमा 'म' पात्रद्वारा जीवनप्रतिको चरम वितृष्णा पोखिएको छ । जीवनलाई पूर्वघोषित लयमा बाँध्न मन नपराउने र जीवनलाई नै भीषण नकारात्मकता देखाएर ढाड फर्काइदिएकी यस कथांशकी पात्रले निर्धारित बाटोबाट अनिच्छापूर्वक घिसारेर हिंडिरहनुलाई अस्वीकार गरेको देखिन्छ र आफू भीषण नकरात्मकताको शिकार हुन पुगेको कुरा पनि स्वीकार गरेको देखिन्छ । यहाँ बाध्यताले बाँचेको यस किसिमको गतिहीन जीवनभन्दा त मृत्यु नै रोजाइमा परेको कुरा अभिव्यक्त भएको छ । यसका लागि पछाडिबाट कोही जागरुक मान्छे आएर आफूमाथि छुरी धसिदिए हुन्थ्यो भन्ने अपेक्षा गर्दै शरीरको वीभत्स अन्त्यको कल्पना गरिएको छ । माथि प्रस्तुत गरिएको यस साक्ष्यले पात्रमा भएको मृत्युचिन्तनलाई प्रस्ट रूपमा अभिव्यक्त गरेको छ । यसरी आफ्नो पछाडिबाट कोही आएर छुरा धसेर मारिदियोस् भन्ने यस कथांशमा प्रस्तुत गरिएको अभिव्यक्तिमा मृत्युचिन्तन प्रकट भएको देखिन्छ । यसै गरी यसै कथाको अर्को प्रसङ्गमा 'म' पात्रले आफ्नो साथीको लाचार बनेको जिन्दगीप्रति लक्ष्यित गर्दै भनेको 'तपाईँ मजाले डेट एक्सपायर्ड भइसक्नुभएको छ, बरु आत्महत्या गरिदिनोस् न, कसैले सोधपुछ त गर्ने होइन ।' (सडक र प्रतिभा, पृ.५) वाक्यले पनि 'म' पात्रभित्र रहेको मृत्युचिन्तनलाई नै पुष्टि गरेको छ । यहाँ 'म' पात्रमा आएको मृत्युचिन्तन आफूमा मात्र केन्द्रित नरहेर अरूको जीवनमा पनि आएको छ ।

लाचार जीवन बाँचिरहेको आफ्नै साथीलाई पनि यहाँ आत्महत्या गर्ने सल्लाह दिइएको छ । डेट एक्सपायर्ड भइसकेको सामानजस्तै गरी हराएर, बिलाएर र अर्थहीन भएर बाँच्नुभन्दा त बरु खुसीखुसी आत्महत्या गर्नु राम्रो हुन्छ भन्ने सुझाव दिइएको यसै कथाको अर्को प्रसङ्गमा भनिएको 'बिहानदेखि छाला सग्सगाउँछ, टाउको चिलाउँछ, बिहानैदेखि असौहार्दता र असंवेदनाहरू अनुभूत हुन थाल्छन् । छेउछाउ जे छ त्यसैलाई थुकिदिन मन लाग्छ, कुल्चिदिन मन लाग्छ, गाली गर्न मन लाग्छ, दश पिँढी पल्टाएर ...वास्तवमा म मान्छे नै कहाँ बाँचिरहेको छु र ? (पारिजात, २०३२, पृ. ७) अभिव्यक्तिले पनि आफू वास्तममै बाँच्न नसकी पलपल मरिरहेको कुरा प्रस्तुत गरिएको छ । 'म' पात्रका क्रियाकलाप र उसको मनोविज्ञानलाई प्रस्तुत गरी जीवनका निराशा र कुण्ठालाई यस कथांशमा व्यक्त गरिएको देखिन्छ र 'म' पात्रमा देखिएको छाला चिलाउने, टाउको चिलाउने, असौहार्दता र असंवेदनाहरू अनुभूत हुने, छेउछाउमा भएका वस्तुहरूलाई थुकिदिन मन लाग्ने तथा गाली गर्न मन लाग्नेजस्ता शारीरिक तथा मानसिक प्रतिक्रियाहरू जीवनको विसङ्गतिबोधपछि उत्पन्न क्रियाकलाप हुन् । मान्छेका रूपमा बाँच्न नपाएको वा नसकेको विवशतालाई अभिव्यक्त गरिएको प्रस्तुत कथांशमा मृत्युलाई मुक्ति मानिएको छ र यहाँ पनि मृत्युचिन्तनका साथै जीवनप्रतिको चरम विसङ्गतिबोधलाई प्रस्तुत गरिएको छ । यही कुरालाई तल प्रस्तुत गरिएको 'विरुद्ध' कथाको अंशमा पनि पुष्टि गरिएको छ :

> कहिलेकाहीँ लाग्छ के सीमाबद्ध बाँच्न हामीलाई अनिवार्य छ ? कति सीमाहीन अस्तित्वहरू यहाँ नभएका हुन् र ? मनस्थितिहरू यति बाझिरहन्छन् भने ठगिएर बाँच्नु पनि किन ...? त्यसपछि आत्मप्रवञ्चनाको आवरणभित्र परास्त भएको मेरो आफैँसँगको रियलाइजेसन धेरै शिथिल भइदिन्छ । यस्तो बेला यो जीवन (आफै हुनु) नै समाप्त गरिदिऊँ गरिदिऊँ लाग्छ । (पारिजात, २०३२, पृ. २७)

उपर्युक्त कथांशमा सीमाबद्ध जीवनप्रति चरम वितृष्णा व्यक्त गरिएको छ । सीमामा बाँधिएर बाँच्नु भनेको हारेर ठगिएर बाँच्नु हो भन्ने अनुभूति गरेको यस कथाको म पात्रले आफूलाई जति सकारात्मक बनाउन खोजे पनि र जति आशावादी हुन खोजे पनि शिथिल हुन पुगेको र जीवनलाई नै समाप्त पारिदिऊँजस्तो लागेको कुरा यहाँ व्यक्त गरिएको छ । 'यसै सन्दर्भमा परिजातले जीवनलाई मृत्युसँग सम्बद्ध गरी बाँचनुको अर्थहीनता प्रस्ट पारेकी छन् । उनका दृष्टिमा जीवन हरक्षण सन्त्रासमा बाँचेको छ । उसलाई सदैव मृत्युभयले लखेटिरहनेहुनाले कुनै पनि क्षणमा निराशा र कुण्ठाबाट उः पीडित भइरहेको हुन्छ' (श्रेष्ठ, २०७०, पृ. १७६-१७७) यस कुरालाई पनि उपर्युक्त कथांशले पुष्टि गरेको छ । यसरी यस कथामा 'म' पात्रका माध्यमबाट अनिच्छित जीवन भोगाइ र आफैँभित्र देखिएको विरोधाभासलाई प्रस्तुत गर्दै जीवनको अस्तित्वलाई समाप्त पारिदिन मन लाग्ने कुरा व्यक्त गरिएको छ र यसले 'म' पात्रको मृत्युचिन्तनलाई प्रस्तुत गरेको छ । कथांशमा प्रयुक्त ठगिएर बाँच्नु पनि किन ...?, आत्मप्रवञ्चनाको आवरणभित्र परास्त हुनु, रियलाइजेसन धेरै शिथिल हुनु, जीवन (आफै हुनु) नै समाप्त गरिदिऊँ झै लाग्नुजस्ता पदपदावली र सन्दर्भहरूले यसै मृत्युचिन्तनलाई अभिव्यञ्जित गरेका छन् ।

यस्तै 'देवल' कथामा पनि 'म' पात्रको चरम विसङ्गतिबोध र मृत्युचिन्तनलाई प्रस्तुत गरिएको छ । यहाँ 'म' पात्रले भनेको 'जीवन हुनुका नातामा मसँग के छ ? नीच छु, एउटी रन्डीलाई बिना पैसा सम्भोग गरिदिन सक्छु, गरिब छु, भोकभोकै हिँडिदिन सक्छु, बिडम्बी छु, साथीको कमिज लगाएर पोज दिन सक्छु, लाक्षी छु बगाल लागेर मोटर दुर्घटनामा परेको बालकलाई हेरिदिन सक्छु ।' (पारिजात, २०३२, पृ. ३३) जस्ता अभिव्यक्तिमा पनि मानवीय जीवनको विसङ्गत पक्ष र यथार्थको नाङ्गो रूपलाई प्रस्तुत गरिएको छ । म पात्रले जीवन हुनुको नातामा आफूसँग केही पनि नभएको बताउँदै आफू बिना पैसा वेश्यासँग सम्भोग गर्न सक्ने बलात्कारी, नीच, गरिब, लाक्षी भएको र दुर्घटनामा परेर मर्दैगरेको बालकलाई पनि टुलुटुलु हेरिदिन सक्ने क्रूर भएको कुरा यहाँ अभिव्यक्त गरेको छ । यसरी आफ्नो बारेमा गरेको वर्णनबाट यहाँ 'म' पात्रको विद्रूप यथार्थलाई मात्र यहाँ देखाइएको छैन, यहाँ ऊभित्रको मृत्युचिन्तनलाई पनि प्रस्तुत गरिएको छ । यसरी परिजातले 'घृणा, पराजय, पलायन, तिरस्कार, उदासीनताजस्ता

कुराहरूका सन्दर्भमा मानव जीवनका असङ्गत सत्यहरूको उद्घाटन गरेकी छन्' (श्रेष्ठ, २०७०, पृ. १७६-१७७) र यिनै विसङ्गतिवादी मान्यताहरूलाई पारिजातका कथाले प्रमुख रूपमा अभिव्यक्त गरेका छन् । यो चिन्तन उनीभित्रको विसङ्गतिबोधी चेतनाको चरम अभिव्यक्ति हो । 'देवल' कथामा 'मानिसका सकारात्मक प्रवृत्तिलाई भन्दा नकारात्मक प्रवृत्तिलाई प्रस्तुगर्ने परिजातको देवल शीर्षकको कथामा मानवीय नीचता र निकृष्टतालाई वीभत्स रूपमा चित्रण गरिएको छ' (गौतम र अधिकारी, २०६९, पृ. ११९) । यसप्रकार पारिजातको यस सङ्ग्रहका कथाहरू विसङ्गतिवाद चेतना र मृत्युबोधी चिन्तनका दृष्टिले निकै प्रभावपूर्ण देखिन्छन् ।

मृत्युचिन्तनमा केन्द्रित भएर लेखिएका यी कथाहरू मा 'म' पात्र समाख्याताका रूपमा आएका र ती पुरुष चरित्रमा केन्द्रित भएको देखिन्छ । यी कथाहरूमा निरीह जीवन, बेरोजगारी, रित्तो खल्ती, भीषण नकारात्मकता, शरीरको वीभत्स अन्त्यको कल्पना, खुम्चिएर बाँच्नुपर्ने बाध्यता, चरम विवशताका साथै प्रवृत्तिहीन, संस्कारहीन, समाजहीन मान्छेको विसङ्गतिबोध अभिव्यक्त भएका छन् । यी कथाहरूमा मृत्युचिन्तन र त्यसबाट उत्पन्न निराशा, निस्सारता र विसङ्गतिबोध प्रकटीकरण भएको पाइन्छ ।

## निरर्थकता र कुण्ठाको अभिव्यक्तिमा केन्द्रित विसङ्गति

विसङ्गतिबोधको महत्त्वपूर्ण अभिलक्षणका रूपमा जीवनको निरर्थकता र कुण्ठाको अभिव्यक्ति पनि हो । जीवनमा सोचेको कुरा प्राप्त नहुँदा जीवनप्रति आउने चरम निराशाले नै निरर्थकताको भाव उत्पन्न गर्छ र त्यो कुण्ठा बनेर विसङ्गत अभिव्यक्तिमा प्रकट हुन्छ । जीवनको विडम्बनालाई निकटबाट स्पर्श गर्ने र यथार्थभन्दा चिन्तन र बोधको टड्कारो कटुता अनुभव गराउने (एटम, २०७४, पृ. २२१) विसङ्तिवादी मान्यता पारिजातको 'सडक र प्रतिभा' कृतिका अधिकांश कथामा पाइन्छ । उनको 'निस्सारतादेखि...' शीर्षकको कथामा व्यक्त गरिएको 'हामी निरीह रूपले समान छौँ । भोकै हुनु, बेकार बस्नु, वञ्चित हुनु, सडक नाप्नु तथा विसङ्गति भोग्नु' (पारिजात, २०३२, पृ. १५) भन्ने अभिव्यक्तिले पनि जीवनको निरर्थकता र कुण्ठालाई व्यक्त गरेको देखिन्छ । यहाँ प्रस्तुत गरिएको भोकै हुनु, बेकार बस्नु, वञ्चित हुनु, सडक नाप्नु तथा विसङ्गति भोग्नुजस्ता पात्रले गरेका निरर्थक कार्यव्यापारलाई प्रस्तुत गरी निरर्थकता र कुण्ठाको प्रकटीकरण गरिएको छ । विसङ्गतिवादका व्याख्याता कामुले भनेजस्तै मान्छेले जब यो समाजबाट पाएको भ्रान्ति, धोका र अशान्तिका कारणबाट उसले आफैँलाई एक अपरिचित, एक्लो र निरीह पाएपछि उसमा विसङ्गतिबोध हुन्छ भन्ने मान्यतालाई प्रस्तुत कथाको समाख्याता वा पात्रको भोगाइ, उसले बाँचेको समयको चित्रले प्रस्ट पारेको छ । साथै उसका साथीहरूले समेत यस्तै विसङ्गतिपूर्ण अवस्थालाई छुटकाराविहीन अवस्थामा पुगेर झेल्नुपरेको सन्दर्भलाई समेत यस कथांशमा देखाइएको छ ।

पारिजातको 'नयाँ मान्छे' शीर्षकको कथामा प्रस्तुत गरिएको जीवनको निरर्थकता र जीवन भोगाइप्रतिको असन्तुष्टिले पनि विसङ्गतिवादी चिन्तनलाई प्रस्तुत गरिएको छ । कथामा समाख्याताले भनेको, 'कत्राकत्रा शताब्दी बित्छन् के भो र ? तर यसरी परिणतिहीन बित्नु ? म आफैँभित्र नयाँपनको अभाव खोज्न थाल्छु । मभित्र केही छैन । सिवाय एउटा आक्रोश ।' (पारिजात, २०३२, पृ. १३) । प्रस्तुत अभिव्यक्तिले जीवनको निरर्थकता र मानवीय कुण्ठालाई प्रकटीकरण गरेको छ । प्रस्तुत कथांशमा 'म' पात्रको मनमा गुम्सिएर रहेका निराशा र कुण्ठाहरू व्यक्त भएका छन् । परिणतिहीन बितेका शताब्दी–शताब्दीका समयको सन्दर्भ उठाइएको यस उद्धरणमा आफूमा नयाँपनको अभाव भएको, रित्तो भएको र छ भन्नुका नाममा केवल आक्रोश मात्र भएको यथार्थ प्रस्तुत गरिएको छ । जीवनमा आशा, विश्वास र सफलता प्राप्त नभएकाले पात्रका मनमा निराशा आएको र त्यसले नकारात्मकता, मानसिक द्वन्द्व र आक्रोश मात्र जम्मा भएको कुरा यहाँ व्यक्त गरिएको छ । यसरी माथि साक्ष्यका रूपमा दिइएका कथांशमा जीवन र जगत्प्रति आक्रोश र कुण्ठामात्र बोकेको पात्रको विसङ्गतिबोधी चेतनालाई प्रस्तुत गरिएको छ ।

प्रस्तुत सङ्ग्रहको 'सडक र प्रतिभा' शीर्षकको कथामा 'म' पात्रले आफ्नो जीवनभोगाइलाई निरर्थक र निरीह ठानेको देखाइएको छ । जीवनमा केही नयाँ गर्न नसक्दा र कुनै कुरामा पनि सफलता प्राप्त नगर्दा मान्छेमा वितृष्णाबोध उत्पन्न हुन्छ र यसरी उत्पन्न हुने निराशा, कुण्ठा र निरर्थकतालाई प्रस्तुत अंशमा यसप्रकार देखाइएको छ :

> माया पाउनु पनि जन्तुसुख हो, बढी केही होइन । विचार गर्छु अझ बढी त यी पाशविक सुख हुन् । म र हामी, हाम्रा ससाना घरहरू, हाम्रा स्वास्नी छोराछोरीहरू, हामीले कमाएको पैसा र विवशताहरू यी पाशविक सुखहरू लुट्दालुट्दा जीवनमा कहिल्यै पनि उच्चता बोध हुन पाउँदैन । (पारिजात, २०३२, पृ. ७)

प्रस्तुत कथांशमा माया पाएर मानिस सुखी र खुसी हुन्छ भन्ने मान्यतालाई अस्वीकार गर्दै माया पाउनुलाई पनि जन्तुसुखभन्दा बढी केही मानिएको छैन । मानिस जन्मनु, हुर्कनु, विवाह गर्नु, बच्चा पाउनु, घरबार जोड्नु भनेको मानव हुनुको उपलब्धि वा प्राप्ति होइन यो त पाशविक सुख हो र यति कुरा त पशुले पनि गरिरहेको हुन्छ भन्ने आशय यस कथांशमा प्रस्तुत गरिएको छ । आफूले चाहेजस्तो र खोजेजस्तो जीवन बाँच्न नसकेकोमा जीवनलाई नै निरर्थक मानेको 'म' पात्रमा कामुले भनेजस्तै उभित्र उत्पन्न निराशा र कुण्ठाकै आधारभूमिमा विसङ्गतिबोधको सृजना भएको देखिन्छ । यस कथांशमा प्रस्तुत गरिएका ससाना घरहरू, स्वास्नी छोराछोरीहरू, कमाएको पैसा र विवशताहरू सबै यिनै पाशविक सुखहरूकै पछि लागेर सकिने र जीवनमा कहिल्यै पनि उच्चताबोध र गर्वबोध हुन नपाउने सन्दर्भले यस कथाको म पात्रलाई जीवन विसङ्गत लागेको र मन नै कुण्ठाले बोझिल बनेको कुरालाई स्पष्ट पारेको छ ।

समाजमा व्याप्त बेरोजगारी, गरिबी र अभावका कारण युवाहरू बेकामे भएको कुरालाई यहाँ देखाइएको छ र 'यस ठाउँमा...' शीर्षकको कथामा यौनका विसङ्गत पक्षलाई अभिव्यक्त गरिएको छ । समाजमा सबै कुरा महँगो अप्राप्य भए पनि यौन सस्तो भएको सन्दर्भलाई कथामा प्रस्तुत गर्दै जीवनमा गर्न चाहेको कुरा नपाएपछि र कुरा गर्नका लागि अन्य विषय नभएपछि यौनमा नै केन्द्रित मनोदशा र पुरुषमनोविज्ञान यस कथामा आएको छ । यस कथामा नयाँ बनेर आफ्नो परिवेशमा आइपुगेको कुनै मान्छेलाई 'म' पात्रले भनेको 'नयाँ आएका भए केही दिन त तिमी सुनगाभाको फूलभित्र पनि स्वास्नीमान्छे र तिनको योनी खोजेर हिँड्छौ... रात वेश्याजस्तो छ यहाँ सधैँ उपलब्ध र सधैँ सस्तो ।' (पारिजात, २०३२, पृ. ३७) जस्ता संवादले यस कुरालाई प्रस्ट पारेको देखिन्छ । यसका साथै कथाको प्रस्तुत अंशले यौनको वीभत्स रूपको वर्णन गरेको छ । यहाँ यौन–मनोविकारले ग्रस्त पुरुषको यौनकुण्ठालाई प्रस्तुत गर्दै वेश्यालाई रातजस्तै सधैँ उपलब्ध र सस्तो रूपमा चित्रण गरिएको छ र फूलहरूमा पनि स्वास्नीमान्छेको योनी खोज्दै हिँड्ने यौनको विसङ्गत प्रसङ्ग ल्याएर विद्रूप यथार्थलाई देखाइएको छ ।

समाजमा व्याप्त आडम्बर र देखावटीले मान्छेको जीवन भित्रभित्रै खोक्रो बन्दै गएको कुरालाई प्रस्तुत गरिएको 'रात' शीर्षकको कथामा पनि विसङ्गतिवादी चिन्तन प्रमुख बनेर आएको पाइन्छ । मान्छेको जीवन जनावरको जति पनि स्वच्छन्द र स्वतन्त्र नभएको र मान्छेले आफूभित्रका सारा चाहना, इच्छा र आक्रोशहरूलाई समाजको डरले आफूभित्र नै लुकाएर राख्न बाध्य भएको विषयलाई यस कथामा प्रस्तुत गरिएको छ । कथामा भनिएको 'यो युगमा प्रदर्शन एउटा लुपहोल हो । विसङ्गतिको आँट भएदेखि सायद म एकपल्ट नाङ्गो भएर सडक पार गरिदिन्थेँ, जसरी एउटा कुकुरले युगौँदेखि गरेर आइरहेको छ' (पारिजात, २०३२, पृ. ४७) यस प्रसङ्ले पनि मानिसको कुण्ठा र निरर्थकतालाई देखाएको छ । यस कथांशमा मान्छेलाई आडम्बरी र ढोँगीका रूपमा देखाइएको छ । आँट नभएको मान्छे यति निरीह र लाचार हुन्छ कि, उसले कुकुरले जत्तिको निर्धक्क बाँच्न पनि सक्दैन भन्ने आशय यहाँ व्यक्त गरिएको छ । यस कथाको 'म' पात्रले न त आफूले विसङ्गतिलाई खुल्लमखुल्ला अपनाउन सकेको छ, न त सङ्गतियुक्त जीवन बाँच्न सकेको छ भन्नेजस्ता अवस्थालाई देखाउँदै जीवनको निरर्थकतालाई प्रस्तुत गरेको पाइन्छ ।

जीवनको निस्सारता र निरर्थकतालाई प्रस्तुत गरिएको 'यस ठाउँमा...' कथामा शिक्षित भनिएका युवाहरूमा रहेको यौनका विसङ्गत पक्षलाई देखाइएको छ । यस कथाको अर्को अंशमा भनिएको 'मेरो कुरा नगर, म रातमा एउटी आमासँग प्रेम गर्छु र दिनमा उसकी छोरीसँग । म उनीहरूले उपयोग गरेका पाउडरहरूको वर्गीकरण गर्न सक्ने भइसकेको छु । कृपया तिमी मलाई सिद्धान्तका नाउँमा केही लेख्न लगाऊ म निर्लज्ज भएर लेखिदिन सक्छु ।' (पारिजात, २०३२, पृ. ३८) भन्ने सन्दर्भले पनि पात्रको विसङ्गतिबोधी चेतनालाई देखाएको छ । यहाँ रातमा आमासँग र दिनमा छोरीसँग प्रेम गर्ने भनिए पनि त्यो 'प्रेम' शब्दले आत्मिक प्रेमको सन्दर्भ आएको होइन । यस 'प्रेम' ले शारीरिक प्रेम अर्थात् सम्भोगलाई सङ्केत गरेको छ । यस कथांशमा 'म' पात्रले जिन्दगीमा केही उपलब्धि हासिल गर्न नसके पनि आमाछोरीको जीवन र उनीहरूले लगाउने पाउडर आदिका बारेमा जानकार रहेको र सिद्धान्तका नाममा तिनै कुरालाई निर्लज्ज भएर लेख्न सक्ने कुरा बताइएकाले यहाँ एउटा युवकको निरर्थक र लाचारीपन प्रस्तुत भएको छ । यसरी यस कथांशमा पुरुषको विसङ्गत मानसिकताको नाङ्गो यथार्थलाई देखाई विसङ्गतिबोधी चिन्तन प्रस्तुत गरिएको छ ।

माथि विवेचना गरिएका कथांशमा उपस्थित भएका सबै पात्रहरू पुरुष रहेका छन् र ती पात्रहरू  असामान्य मानसिकता र परिस्थितिबाट गुज्रिएका देखिन्छन् । पारिजात स्वयम् महिला पात्र भए पनि उनले चयन गरेका पात्रहरू पुरुष छन् र तिनीहरूमा विसङ्गत चिन्तन र व्यवहारको प्रकटीकरण पाइन्छ । विशेष गरी पुरुष मनका आन्तरिक र विकृत यथार्थलाई देखाउने क्रममा नै विसङ्गतिको चित्रण भएको देखिन्छ । जीवनप्रतिको निराशा, कुण्ठा, निरर्थकता, मृत्युबोध र अतिशय भावुकताले घेरिएका पात्रहरूका मनोवृत्तिको सूक्ष्मरूपमा अवलोकन गरी तिनीहरूमा देखिएका विकृति र विसङ्गतिलाई यी कथाहरूमा प्रस्तुत गरिएका छन् । यस क्रममा यथार्थलाई ढाकछोप नगरी विसङ्गतिहरूको पनि नग्न चित्रण यी कथाहरूमा गरिएको पाइन्छ । यस सङ्ग्रहका अधिकांश कथाहरू व्यक्तिका सकारात्मक पक्षमा भन्दा नकारात्मक पक्षमा केन्द्रित देखिन्छन् । परम्परागत, व्यवस्थित र प्राचीन मूल्यलाई उपेक्षा गरी पृथक् शैलीमा लेखिएका यस सङग्रहका कथाहरू केहीमा स्वचालित लेखनको प्रयोग समेत गरिएको पाइन्छ । जीवनबाट असफल र निराश पात्रहरूको मनमा व्याप्त विसङ्गतिलाई प्रभावकारी रूपमा प्रस्तुत गर्नु नै यी कथाहरूको महत्वपूर्ण विशेषता हो ।

पारिजातको साहित्यिक यात्राको पूर्वार्धमा लेखिएका साहित्यहरू  विसङ्गतिवाद, अस्तित्ववाद र शून्यवादजस्ता चिन्तनमा केन्द्रित देखिन्छन् । उत्तरार्धकालमा उनी प्रगतिवादी साहित्य लेखनमा सक्रिय रहिन् । उनले अस्तित्ववादी–विसङ्गतिवादी धारबाट प्रगतिवादी धारमा आफ्नो लेखनलाई परिवर्तन गर्नुका पछाडि उनी आफूभित्र रहेका यस्ता असामान्य अनुभूति र सारा विरोधाभासहरूबाट मुक्त हुन खोजेको प्रस्ट हुन्छ । जीवनको भोगाइका क्रममा आइलागेका अर्थहीनता, निराशा, कुण्ठा, भ्रम तथा मानसिक तनावहरूबाट मुक्त हुन र त्यस्ता परिस्थितिहरूबाट उब्जिएका विद्रोह र आक्रोशहरूलाई सही धारमा लगाई जीवनको सही मूल्य र सही बाटो पहिल्याउने क्रममा प्रगतिशील लेखनतर्फ अग्रसर भएको (चापागाई, emulyankan. com) भन्ने भनाइले पनि यस कुरालाई पुष्टि गरेको देखिन्छ । यसरी हेर्दा प्रस्तुत सङ्ग्रहभित्रका कथाहरूमा चरम विसङ्गतिबोधको अभिव्यक्ति पाइनुका कारण उनले आफ्ना वैयक्तिक जीवनमा देखेका, भोगेका र अनुभूत गरेका विसङ्गत पक्षहरू नै हुन् भन्न सकिन्छ ।

पारिजातले जीवन बाँच्नुको श्रृङ्खलाहीन नियमिततासँग सम्झौता गर्दै उद्देश्यरहित जविनका अन्तर्पीडालाई व्यक्त गरेकी छिन् । उनले अवमूल्यनको चरम सीमामा पुगी जर्जर बनेको जीवनका यथार्थलाई विभिन्न प्रतीक र अमूर्त कथनशैलीद्वारा व्यक्त गरकी छन् (श्रेष्ठ, २०७०, पृ. १७७) । उनका केही कथाहरूलाई छाडेर समग्रमा यस सङ्ग्रहमा समावेश गरिएका कथाका विषयहरू मानिसका असामान्य भोगाइ र अनुभूति नै हुन् । समग्रमा प्रेम, यौन, निरर्थक भावुकता, मृत्युमुखी भावना, निस्सारता आदि नै विसङ्गतिबोध हुन् (पोखरेल, २०६२ : ६९) र यिनै विसङ्गतिबोधी चेतना यस सङ्ग्रहका कथामा विषय बनेर आएका छन् र यिनमा प्रयुक्त पात्र र चरित्रहरूमा पनि यिनै विसङ्गत पक्षका

विविध स्वरूप तथा आयाम देखिन्छन् । कथाको विश्लेषणबाट प्राप्त उपर्युक्त तथ्य र प्रमाणहरूले पनि यस कृतिका कथाहरूमा विसङ्गतिवादी चिन्तनको अभिव्यक्ति प्रभावपूर्ण बनेको कुरा प्रस्ट हुन्छ ।

**निष्कर्ष**

पारिजातको 'सडक र प्रतिभा' विसङ्गतिवादी चिन्तनको प्रयोग गरी लेखिएका कथाहरूको सङ्ग्रह हो । यी कथाहरूमा जीवनप्रतिको चरम निराशा र असन्तुष्टिका कारण उत्पन्न भएका मृत्युचिन्तन र जीवनका निरर्थकताहरू व्यक्त भएका छन् । अधिकांश कथामा समाख्याता पुरुषपात्रका रूपमा प्रयोग गरिनु, शृङ्खलाविहीन, कथानकविहीन र आत्मकथनात्मक शैलीमा कथा लेखिनु, मानवका नकारात्मक प्रवृति र कुरूप यथार्थको चित्रणमा मात्र केन्द्रित रहनु यी कथाहरूका खास विशेषता हुन् । खास गरी यस सङ्ग्रहभित्रका 'सडक र प्रतिभा', 'विरुद्ध', 'देवल', 'निस्सारतादेखि', 'यस ठाउँमा...', 'नयाँ मान्छे', 'रात' आदि कथामा विसङ्गतिवादी मान्यता प्रभावकारी रूपमा प्रस्तुत गरिएका छन् । सामाजिक विसङ्गतिप्रति चरम वितृष्णा प्रकट गर्नु, यथार्थको नग्न चित्रण गर्नु, हत्या, आत्महत्या, लाचारी, गरिबी, मृत्यु, बलात्कार आदि विसङ्गत पक्षहरूमा मात्र केन्द्रित हुनु, सहरी परिवेशको चित्रण गरिनु, जँड्याहा, बेरोजगार, शोषित, कुण्ठित, वेश्या, लाचार र विवश पात्रहरूको प्रयोग गरिनुजस्ता विषयसन्दर्भले माथि विश्लेषित कथामा विसङ्गतिको चरम रूपलाई प्रकटीकरण गरेको देखिन्छ । कथाका पात्रलाई असहाय, अशक्त, निरूपाय प्राणीका रूपमा चित्रण गर्नुले विसङ्गतिवादी मान्यता र चिन्तन नै कथाको केन्द्र बनेर आएको कुरा स्पष्ट पारेको छ । यस सङ्ग्रहका सत्रओटा कथामध्ये पछिल्ला दुई कथाबाहेक अरू पन्ध्रओटा कथामा विसङ्गतिवादी प्रवृत्ति नै प्रभावी बनेर आएको देखिए पनि मृत्युचिन्तन र जीवनका निरर्थकता र कुण्ठाहरूको प्रयोग भएका कथाहरूमा बढी विसङ्गतिवादका मान्यताहरू अवलम्बन भएको देखिन्छ । यसरी यी कथाहरूमा विसङ्गतिबोधको चरम अभिव्यक्ति पाइनेहुँदा यसलाई नै अध्ययनको मुख्य विषय बनाइएको हो । यस अध्ययनबाट समाजभित्रका मात्र नभई मान्छेभित्रका यावत् विसङ्गतिलाई निर्भीक भई कलात्मक रूपमा अभिव्यक्त गर्नसक्ने क्षमता पारिजातमा देखिन्छ भन्ने स्पष्ट हुन्छ । यी कथाहरूका माध्यमबाट उनले आफूले अनुभूत गरेको यथार्थ र आफूले देखेको समाजलाई आदर्शको खोल नओढाईकन प्रस्तुत गरेके पाइनेहुनाले उनका यी कथाहरूमा यस किसिमका प्रवृत्ति देखिनुमा उनको वैयक्तिक जीवनका भोगाइहरू नै कारक बनेको देखिन्छ । अस्तित्व चेतनासँगै मौलाएको विसङ्गतिबोध, अभावजन्य अनुभूति र जीवनप्रतिको वितृष्णा पनि कथामा अभिव्यक्त भएका कारण यी कथा उनका भोगाइकै उदात्तीकरण हुन् । जीवनमा कहीँ पनि सङ्गति छैन तर मान्छे सङ्गति भएको भ्रान्ति पालेर आवरणयुक्त जीवन बाँचिरहेको छ भन्नु उनको यस सङ्ग्रहका कथाहरूको केन्द्रीय कथ्य हो । यसरी आफूले अवलोकन गरेका वा सङ्गत गरेका मान्छेका विकृत रूप र अवस्थालाई कत्ति पनि ढाकछोप नगरी, नलुकाई र आदर्शको पालिसले नरङ्गाई कलात्मक रूपमा प्रस्तुत गर्नु नै यस सङ्ग्रहका कथामा पाइने प्राप्ति हो र यस लेखको निष्कर्ष पनि हो ।

## सन्दर्भ सामग्रीसूची


एटम, नेत्र (२०७४). *सङ्क्षिप्त साहित्यिक शब्दकोश*. नेपाल प्रज्ञा–प्रतिष्ठान ।

गौतम, लक्ष्मणप्रसाद र अधिकारी, ज्ञानु (२०६९). *नेपाली कथाको इतिहास*. नेपाल प्रज्ञा–प्रतिष्ठान ।

चापागाई, निनु (सन् २०१६). सही मूल्यको खोजीमा पारिजात. *मूल्याङ्कन अनलाइन*, emulyankan.com 22.10. 2025.

त्रिपाठी, वासुदेव (२०४९). *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा* भाग—२. (तेस्रो संस्क.). साझा प्रकाशन ।

पोखरेल, डी.आर. (२०६२). *पारिजातको साहित्यिक मूल्याङ्कन*. भृकुटी एकेडेमिक पब्लिकेसन ।

पारिजात (२०३२). *सडक र प्रतिभा*. साझा प्रकाशन ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६३). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त*. (दोस्रो संस्क.). विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, राजेन्द्र (२०५३). *सृजनविधाका परिधिमा पारिजात*. भूमिका प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०७०). *नेपाली कथा र कथाकार*. नेपाल प्रज्ञा–प्रतिष्ठान ।

Camus, A. (1951). *The Rebel : An essay on man in revolt* (A. Bower, Trans.). Vintage Books.

Camus, A. (1955). *The Myth of Sisyphus and Other Essays.* (Justin O Brien, Trans ). Vintage Books.

Heidegger, M. (2010). *Being and Time.* (J. Stambaugh. Trans. ). New work Press.